जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- ७, २०८२ भदौ १९ गते विहीबार, 4Sep 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

नवीन सोचबाट प्रदेशको समृद्धि सम्भव छ



○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा दिनेशचन्द्र देवकोटाले परम्परागत र प्रक्रियामुखी कार्यशैलीबाट प्रदेशले अपेक्षित समृद्धि हासिल गर्न नसक्ने बताउँदै परिणाममुखी नतिजाका लागि 'स्मार्ट वर्क, टिमवर्क र नवीन सोच' लाई आत्मसाथ गर्नुपर्नेमा जोड दिनुभएको छ।

मन्त्रालयद्वारा आयोजित आर्थिक वर्ष २०८१/८२ को वार्षिक समीक्षा तथा आगामी आर्थिक वर्ष २०८२/८३ को कार्ययोजना तर्जुमा गोष्ठीको उद्घाटनपछि कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री देवकोटाले कर्मचारीतन्त्रको सोच र कार्यशैलीमा आमूल परिवर्तनको आवश्यकता औंल्याउनुभएको हो।

उहाँले केवल औपचारिकता निभाउने र पुरानै ढर्रामा काम गर्ने प्रवृत्तिले जनतामा सकारात्मक परिवर्तनको अनुभूति गराउन नसकिने स्पष्ट पार्नुभयो। "हामीले अब टिप्पणी उठाएर र फाइल सदर गरेर मात्रै आफ्नो जिम्मेवारी पूरा भएको ठान्ने मानसिकता त्याग्नुपर्छ," मन्त्री देवकोटाले भन्नुभयो, "हाम्रो हरेक काम जनताले प्रत्यक्ष देख्ने र अनुभव गर्ने गरी परिणाममा देखिनुपर्छ। यसका लागि स्मार्ट तरिकाले काम गर्नुको विकल्प छैन।"

मन्त्री देवकोटाले कुनै पनि ठूलो लक्ष्य एक्लै हासिल गर्न नसकिने बताउँदै मन्त्रालयका विभिन्न महाशाखा, विभाग र कर्मचारीहरुबीच बलियो 'टिमवर्क' को खाँचो रहेको बताउनुभयो। "एउटा व्यक्ति वा एउटा निकाय मात्र दौडेर हुँदैन। जबसम्म हामी सबै एउटै टोलीको रुपमा समन्वयका साथ अघि बढ्दैनौं, तबसम्म नतिजा आउँदैन," उहाँले भन्नुभयो।

परिवर्तन र विकासका लागि नवीन सोच र गतिशील कार्ययोजना अपरिहार्य रहेको उल्लेख गर्दै उहाँले विश्वव्यापी रुपमा विकास भइर हेका नयाँ प्रविधि र अवधारणालाई प्रदेशको विकासमा जोड्नुपर्ने धारणा राख्नुभयो। उहाँले योजनाहरुलाई प्राथमिकताका आधारमा वर्गीकरण गरी स्रोत र साधनको अधिकतम उपयोग गर्नसमेत निर्देशन दिनुभयो।

गोष्ठीमा विगतका कामको समीक्षा गर्दै आगामी वर्षका लागि थप स्पष्ट, रणनीतिक र कार्यान्वयनयोग्य योजना निर्माणमा केन्द्रित हुन आग्रह गर्दै उहाँले छलफलबाट आउने निष्कर्षले प्रदेशको पूर्वाधार विकासमा नयाँ मार्ग प्रशस्त गर्ने विश्वास व्यक्त गर्नुभयो।

मन्त्रालयका सचिव इश्वरी चन्द्र मरद्राको अध्यक्षतामा भएको दुई दिने भदौ १७ र १८ गोष्ठी कार्यक्रममा वातावरण संरक्षण तथा जलवायू परिवर्तन व्यवस्थापन विज्ञ डा माधव कार्की र शहरी योजना तथा वस्ती विकास विज्ञ डा संगिता सिंहको सहजीकरण गर्नुहुनेछ । कार्यक्रममा यातायात पूर्वाधार निर्देशनालयका निर्देशक नविन कुमार सिंह, प्रदेशका ११ वटै जिल्लाका भौतिक पूर्वाधार विकास कार्यालय, शहरी विकास तथा भवन कार्यालयका प्रमुख, मन्त्रालयका महाशाखा प्रमुखहरु तथा अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो।

कारागारमा कैदी बन्दी व्यवस्थापन चुनौतीपूर्ण

○ सरिता दाहाल



मकवानपुर । बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटा समक्ष मुख्य न्यायाधिवक्ताको कार्यालय, बागमती प्रदेश मकवानपुरले आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन बुझाएको छ ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ बमोजिम कार्यालयको वार्षिक प्रतिवेदन प्रदेश प्रमुखज्यू समक्ष पेश गर्नुपर्ने कानूनी व्यवस्था छ ।

प्रतिवेदन ग्रहण गर्नु हुदै प्रदेख प्रमुख देवकोटाले आफ्नो तर्फबाट सहजिकरण हुने बताउँनु भयो । 'न्याय सम्पादनको क्षेत्रमा देखा परेका चुनौतीमाथि आवश्यक सहजिकरणमा मुख्यमन्त्री मार्फत मैले सहजिकरण गर्ने नै छु' उहाँले भन्नुभयो । कार्यक्रममा मुख्यन्यायधिवक्ता शुकदेव काफ्लेले बागमती प्रदेशमा रहेको कारागारहरूमा सबैभन्दा समस्या रहेको टिप्पणी गर्नुभयो । 'कारगारको क्षमतभन्दा बढी कैदी बन्दीहरू राखेर मानव अधिकार को प्रत्याभुतिमा नै चुनौति रहेको अनुर्गमनका क्रममा पाइयो' काफ्लेले भन्नुभयो ।



मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापना कालदेखि प्रत्येक वर्ष मुद्दाको चाप बढिरहेको प्राप्त प्रतिवेदनमा उल्लेख छ । कार्यालयको स्थापना भएको आ. व. २०७४/०७५ मा ४ वटा मुद्दा रहेकोमा १ वटा फैसला भई ३ वटा बक्यौता रहेको थियो ।

आ. व २०७५/०७६ मा जिम्मेवारी सरेर आएका ३ वटा गरी जम्मा १५ वटा मुद्दा रहेकोमा ३ वटा फछ्यौट भई १२ वटा बाँकी रहेको थियो । यसैगरी आ.व २०७६/०७७ मा १२ वटा मुद्दा जिम्मेवारी सरी आएका र ४२ वटा नयाँ गरी जम्मा ५४ वटा मुद्दा रहेकोमा १३ वटा फछ्यौंट भई ४१ वटा बक्यौता रहेको देखिन्छ ।

आ.व.२०७७/७८ मा नयाँ ४६ दर्ता भई ८७ वटा मुद्दा रहेकोमा १३ वटा मुद्दा फछ्यौट भई ७४ वटा जिम्मेवारी सरी आएको देखिन्छ । आव ०७८/७९ मा ७५ वटा नयाँ दर्ता भई मुद्दाको संख्या १४९ पुगेको मा आव ०७८/०७९ मा ४४ वटा फैसला भई १०५ वटा लगत सरी आएको थियो ।

आ.व.२०७९/०८० मा ७७ वटा नयाँ दर्ता भई मुद्दाको सख्या १८२ थान मुद्दा पुगेको र आ.व.०७९/८० मा ५५ थान मुद्दा फैसला भई १२७ थान आ.व. ०८०२०८१ को लागि लगत सरेर आएको थियो ।

यसै आ.व.मा नयाँ दर्ता १०६ मुद्दा समेत गरी २३३ पुगेको काफ्लेले बताए । आ.व. ०८१/०८२ को लागि १४८ थान मुद्दा लगत सरी आएको उहाँले बताउनुभयो । आ.व.०८१/०८२ मा ११७ थान नयाँ मुद्दा दर्ता भएकोमा ९८ थान थान मुद्दा फैसला भई आ.व.०८२/०८३ को लागि १६७ थान मुद्दा लगत सरेको छ ।

यस चालु आ।व।को साउन मसान्तसम्ममा १४ थान मुद्दा नयाँ दर्ता भई मुद्दा सख्या १७८ पुगेको अवस्था रहेको उहाँले बताउँनु भयो ।

आर्थिक वर्ष ०८१/०८२ बाट आ.व.०८२२०८३ को लागि १६७ थान लगत सरी आएका मुद्दाहरू छन् भने यस आ.व.को साउन मसान्तसम्ममा ११ वटा नयाँ दर्ता समेत *बाँकी पेज ५ मा*

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

न्वागीको शुभकामना

चेपाङ समुदायको महान पर्वको रूपमा मनाइने न्वागीको तयारी सुरू भएको छ । प्रत्येक वर्ष २२ भदौमा चेपाङ समुदायले विशेष पर्व न्वागी (छोनाम) मनाउने गर्छन् । यो दिन नयाँ अन्न खाने दिन भएकाले यसलाई छोनाम भनिएको हो । प्रकृति पूजा गरेर मनाइने यो पर्वमा नयाँ बाली प्रकृतिलाई चढाएर वर्षभरि खान पुगोस् भनेर कामना गरिन्छ । न्वागी मनाउने क्रम घट्दै गएकाले यसलाई नयाँ पुस्तामाझ जोगाइराख्न प्रत्येक वर्ष यो पर्व बेग्ला बेग्लै ठाउँमा मनाउने गरिएको छ । नयाँ उब्जिएको अन्नबाली मकै, केरा, पिँडालु, निबुवा, घैया धानलगायत प्रकृतिलाई चढाउने गरिन्छ । चेपाङ समुदायको यस प्रमुख पर्व न्वागीमा घरमा भित्र्याएको नयाँ अन्नबाली प्रकृतिलाई चढाएपछि मात्र खाने गरिन्छ । न्वागीपछि अनिकाल सकेर सहकाल आएको मानिन्छ । नयाँ अन्न र फलफूल पितृलाई नचढाई खाएमा देउता अनिकाल लाग्ने तथा रोगब्याध लाग्ने चेपाङ समुदायको धार्मिक विश्वास रहेको छ ।

यस दिन छरछिमेक, नातागुटुम्बलाई निम्तो गरेर सामूहिक भोज खाने, नाचगान गर्ने र सुख दु:ख साट्ने गरिन्छ । चेपाङहरु मुख्यगरी प्रकृति धर्म मान्ने गर्छन् । उनीहरु जङ्गलका गिठा म्याकुर खाएर जीवन धान्ने भएकाले वनजङ्गलसँग मिठो सम्बन्ध गाँसिएको हुन्छ ।

न्वागी पर्वको लागि बागमती प्रदेशका ३ जिल्ला मकवानपुर, चितवन र धादिङमा प्रदेश सरकारले सार्वजनिक बिदा निर्णय गरेको छ । प्रदेश सरकारको गत चैतमा बसेको मन्त्रिपरिषद् बैठकले चेपाङ समुदायको न्वागी पर्वको बिदा दिने निर्णय गरेको थियो । चेपाङ समुदायको बाक्लो बसोबास रहेका उक्त जिल्लाहरुमा न्वागी पर्वको अवसरमा प्रदेश सरकारले केही वर्ष अघीदेखि सार्वजनिक बिदा दिदैं आएको छ। यता मकवानपुरको राक्सिराङ गाँउपालिकाले २१,२२ र २३ भदौमा पालिका भर बिदा दिएको छ।पर्वको अवसरमा चेपाङ समुदायप्रति हार्दिक शुभकामना ।

हृदयाघात हो कि होइन

अलमल गर्दा जान्छ ज्यान



डा.राजेन्द्र कोजु

हृदयाघात भएको आधी घण्टा ढिलो उपचार गर्दाभन्दा आधी घण्टा छिटो उपचार गर्न पाउँदा एक वर्ष बढी बाँचेको पाइन्छ । हृदय चिकित्सामा भनाइ नै छ "मिनेट भनेकै मांसपेशी हो ।" यानि कि हृदयाघात भएका व्यक्तिको हरेक मिनेटमा मुटुको मांसपेशी मर्दै जाने प्रक्रिया निरन्तर हुन्छ । जति सक्दो छिटो उपचारले यो प्रक्रिया रोकेर मुटुको मांसपेशीलाई बचाउन सकिन्छ ।

पहिलो पटक इन्डोनेसियाको पर्यटकीय सहर बाली पुगें । पुगेकै बेलुकी कार्यक्रम थियो । बस्ने पनि त्यहीं व्यवस्था गरिएको थियो । समुद्री किनारको पर्यटकीय स्थल हेर्दै मनमोहक थियो । बेलुकी समुद्री तटमा खुब हिँडियो ।

दुईदिने एउटा कार्यक्रममा सहभागी हुन म बाली पुगेको थिएँ । 'हृदयाघात हुँदा तुरून्तै एन्जियोप्लास्टी' का बारेमा आ आफ्नो अनुभव, नयाँ उपलब्धि, समस्या समाधानका उपायबारे त्यहाँ छलफल थियो । कार्यक्रममा एसियाबाट जापान, सिंगापुरदेखि बंगलादेश र नेपालसम्मका प्रतिनिधि जम्मा भएका थियौं । कोरिया, थाइल्यान्ड, चीन र मलेसियाबाट पनि प्रतिनिधिहरु आएका थिए ।

एसियामा यस्तो कार्यक्रम हुनु पक्कै पनि खुसीको कुरा थियो । धेरैजसो चिकित्सा क्षेत्रको वस्तुस्थितिको तथ्यांक, उपलब्धि, चुनौती आदि पश्चिमा देशको मात्र पढ्ने र छलफल गर्ने गरिन्छ । तर, कहिलेकाहीं उताका सबै कुरा हाम्रो पूर्वीय समाजमा ह्याक्कै मिल्दैनन् । वंशाणु, हावापानी, रहनसहन, शारीरिक बनावट, खानपान धेरै कुराले शारीरिक समस्यामा पनि उल्लेखनीय असर पारेको हुन्छ । तसर्थ, हामी पूर्वीय समाजको मात्र छलफल गर्नु अति आवश्यक छ । एक जना इन्डोनेसियाका वरिष्ठ मुटुरोग विशेषज्ञले बाली, जकार्तामन्दा टाढाको अस्पतालमा एन्जियोप्लास्टी गर्दाको अनुभव सुनाए । जुन ज्यादै महत्त्वपूर्ण पनि लाग्यो ।

एक जना ६० वर्ष नाघेका पुरूष छातीको पीडा भएर प्राथमिक स्वास्थ्य केन्द्र पुगेका रहेछन् । जाँचपडतालपछि मुटुको समस्या भएको शंका गरेर माथिल्लो अस्पतालमा पठाइयो । अर्को अस्पतालमा हृदयाघातको पक्का गरेपछि केही आवश्यक उपचार गरेर हृदयाघातको विशेष उपचार हुन सक्ने अस्पताल भनी उनी कार्यरत अस्पतालमा पठाइएको रहेछ । उनलाई छातीको पीडा सुरू भएको १२ घण्टाभन्दा धेरै भइसकेको थियो । तैपनि, तुरून्तै एन्जियोग्राम गरेर हेरे, मुटुलाई रक्तसञ्चार गर्ने एउटा धमनी पूरै बन्द थियो । एन्जियोप्लास्टी गरेर खोलिदिए । राम्रो भयो । यही छातीको पीडा पश्चिमा राष्ट्रमा भए केही घण्टामै उपचार सम्भव हुन सक्थ्यो । जापान, सिंगापुर मा पनि छिट्टै सम्भव छ । हाम्रोमा भने ज्यादै ढिलो हुन्छ ।

उनका कुरा सुन्दै गर्दा म सम्झिँदै थिएँ हाम्रा अस्पतालमा आउने हृदयाघातका बिरामी पनि त समय लगाएरै आउँछन् । भौगोलिक बनावट, बाटोघाटोको असुविधा, प्राथमिक स्वास्थ्य केन्द्र एवं अस्पतालको सुविधाको स्तर आदि इत्यादि सबै कारणले ढिलो उपचार भइरहेको छ । त्यसमाथि अझै छातीको पीडा हृदयाघातले होला र भन्ने शंका उपशंकामा अलमल र जनचेतनाको अभाव पनि छ । त्यसका साथसाथै हृदयरोगबारेको जागरणले पछिल्लो समय हाम्रा अस्पतालमा आइपुग्नेको संख्या पनि उल्लेखनीय रुपमा बढ्नुका साथै छिट्टै ल्याइपुऱ्याउन पनि थालिएको छ । उपचार निकै राम्रो हुँदै गएको छ । मैले पनि त्यहाँ आफ्नो अनुभव सुनाएँ, केही प्रश्नका साथ सुझाव पनि दिएँ ।

यहाँनिर बुझ्नुपर्ने कुरा के छ भने हृदयाघात भएको अवस्थामा जति सक्दो छिट्टो उपचार सुरू गर्नुपर्छ । एन्जियोप्लास्टी त दुई घण्टाभित्र गर्न पाए अति उत्तम, ६ घण्टाभित्र गर्न पाए पनि उत्तम, १२ घण्टाभित्र गर्न पाए पनि फाइदाजनक नै हुन सक्छ । धेरैजसो हृदयाघातमा तुरून्तै एन्जियोप्लास्टी गर्दा मृत्युबाट बचाउनुका साथै अरु थुप्रै जटिलताबाट पनि बचाउन सकिन्छ ।

हृदयाघातका बिरामीको हरेक आधा घण्टा ढिलो उपचारले एक वर्षको आयु घटाउँदै लाने तथ्यांकले देखाउँछन् । भन्नुको मतलब हृदयाघात भएको आधी घण्टा ढिलो उपचार गर्दाभन्दा आधी घण्टा छिटो उपचार गर्न पाउँदा एक वर्ष बढी बाँचेको पाइन्छ । हृदय चिकित्सामा भनाइ नै छ "मिनेट भनेकै मांसपेशी हो ।" यानि कि हृदयाघात भएका व्यक्तिको हरेक मिनेटमा मुटुको मांसपेशी मर्दै जाने प्रक्रिया निरन्तर हुन्छ । जति सक्दो छिटो उपचारले यो प्रक्रिया रोकेर मुटुको मांसपेशीलाई बचाउन सकिन्छ ।

त्यसैले समयमै हृदयाघात थाहा पाएर छिटो उपचार गर्न सक्यौं भने मांसपेशी, मुटु र मानवलाई नै बचाई राम्रो गर्न सकिन्छ । जति ढिलो भयो, त्यति नै जोखिम, जटिलता बढ्दै मृत्युको मुखसम्म पुग्न सकिन्छ ।

मैले ती प्रस्तुतकर्तालाई सोधें तपाईंको बिरामीले अति आवश्यक रगत पातलो गर्नेलगायत औषधि नियमित सेवन गरेको कसरी पक्का गर्नु हुन्छ त ? ग्रामीण भेगको व्यक्तिमा हृदयाघात हुँदा उसले प्राथमिक स्वास्थ्य केन्द्रमै फलोअप गर्ने बताए । सो व्यक्ति नियमित उनैकोमा आउने नआउने पक्का नभएको पनि उनले स्वीकार गरे । एकदम महत्त्वपूर्ण कुरा एन्जियोप्लास्टी गरिसकेका व्यक्तिले हृदयरोग विशेषज्ञले दिएको कुनै पनि औषधि आफूखुसी रोक्न मिल्दैन । यसले खोलिसकेको रक्तनली पुन: बन्द हुन सक्छ ।

एन्जियोप्लास्टी गर्दा राखिएको स्टेन्ट (जाली) फेरि बन्द नहोस् भनेर दुई थरीको रगत पातलो हुने औषधि दिइन्छ एक वर्षका लागि । एक वर्षपछि एउटा घटाइन्छ, अर्को निरन्तर खाइरहनुपर्छ । कथंकदाचित रक्तस्राव हुने साइडइफेक्ट देखियो भने तुरून्तै मुटुरोग विशेषज्ञलाई देखाइहाल्नुपर्छ । यसका साथै चिल्लो घट्ने, प्रेसर घट्नेलगायत अरु थुप्रै औषधि पनि निरन्तर खाइराख्नुपर्छ । यस्तै अरु विभिन्न प्रकारका उपचार पद्धति, नयाँ आविष्कार, हुन सक्ने जोखिम न्यूनीकरण आदि विषयमा इन्डोनेसियामा गहन छलफल भए ।

विकसित राष्ट्रहरुमा उपलब्ध उपकरण तथा पद्धति हाम्रो देशमा अझै आइपुगिसकेका छैनन् । हाम्रो आर्थिक अवस्थाले पनि ती ल्याउन सकेका छैनौं होला । हामीकहाँ स्वास्थ्य क्षेत्रमा खर्च गर्ने क्षमता पनि अझै न्यून नै छ । तथापि, सीप र ज्ञान भएका दक्ष चिकित्सकले आफ्नो लगनले कार्य गरिराखेकाले हामीकहाँ पनि मुटु स्वास्थ्यमा उल्लेखनीय स्तरीयता भने कायम भएको छ ।

कान्तिपुरबाट

सत्याइयो 'कुलिङ अफ पिरियड'को छलछाम

काठमाण्डौ ।'कुलिङ अफ पिरियड' प्रावधानमा भएको छलछाम सत्याउँदै राष्ट्रिय सभाले मंगलबार संघीय निजामती विधेयक सर्वसम्मतिले पारित गरेको छ । विधेयकमा प्रतिनिधिसभाले गरेको कतिपय संशोधन पनि राष्ट्रिय सभाले उल्टयाएको छ ।

राष्ट्रिय सभाले निजामती सेवाका सहसचिव, सचिव र मुख्यसचिव (विशिष्ट र प्रथम श्रेणी) लाई दुईवर्षे 'कुलिङ अफ पिरियड' लाग्ने प्रावधान गरेको छ । यसअघि सबै तह र श्रेणीका निजामती कर्मचारीलाई 'कुलिङ अफ पिरियड' को व्यवस्था गरिएको थियो । राष्ट्रिय सभाले दुई वर्षसम्म राजदूत पनि बन्न नपाउने व्यवस्था स्पष्ट पारेको छ । 'संघीय निजामती सेवा वा अन्य सरकारी सेवाको राजपत्रांकित विशिष्ट वा प्रथम श्रेणीको पदबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले राजीनामा स्वीकृत भएको वा सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक, कूटनीतिक वा अन्य सरकारी पदमा नियुक्ति पाउने छैन,' राष्ट्रिय सभाले व्यवस्था गरेको छ ।

यसअघि प्रतिनिधिसभाबाट पारित गर्ने क्रममा 'कुलिङ अफ पिरियड' का सम्बन्धमा विधेयकको दफा ८२ (४) मा 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन,' भन्ने व्यवस्था गरिएको थियो । तर त्यसलाई खण्डित गर्ने गरी दफा ८२, (५), (क) मा 'संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेकको पदमा' मात्र नियुक्ति लिन नपाइने भन्ने व्यवस्था गरी 'कुलिङ अफ पिरियड' को व्यवस्थालाई निष्प्रभावी बनाइएको थियो ।

विधेयकमा राजपत्रांकित प्रथम श्रेणी (सहसचिवमा) १० प्रतिशत पदपूर्ति खुला प्रतिस्पर्धाद्वारा गर्नकेकपर्ने व्यवस्था पनि राष्ट्रिय सभाले गरेको छ । प्रतिनिधिसभाले भने अन्तरतह प्रतियोगिताद्वारा १५ प्रतिशत र बाँकी ८५ प्रतिशत बढुवाद्वारा पदपूर्ति गर्ने व्यवस्था गरेको थियो । राष्ट्रिय सभाले भने १० प्रतिशत खुला, १० प्रतिशत अन्तरतह प्रतिस्पर्धा र बाँकी ८० प्रतिशत बढुवाद्वारा पदपूर्ति हुने सरकारले प्रस्ताव

राष्ट्रिय सभाबाट विधेयक पारित

गरेको व्यवस्था नै कायम हुने निर्णय लिएको छ । नायब सुब्बा (सहायक पाँचौं) मा पदपूर्तिको व्यवस्था पनि राष्ट्रिय सभाले उल्टयाएको छ । प्रतिनिधिसभाले यो पदमा सबै बढुवाद्वारा पदपूर्ति गर्ने सरकारको प्रस्तावलाई स्वीकार गरेको थियो । राष्ट्रिय सभाले नासुमा १० प्रतिशत खुला, १० प्रतिशत अन्तरतह प्रतियोगिता र बाँकी ८० प्रतिशत बढुवाद्वारा पदपूर्ति गर्ने व्यवस्था पारित गरेको छ ।

निजामती कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्नकेकपर्ने प्रतिनिधिसभाको संशोधनलाई राष्ट्रिय सभाले उल्टयाएको छ । सरकारले विधेयक प्रस्ताव गर्दा सरकारले निजामती कर्मचारी तथा निजामती कर्मचारीको परिवारका सदस्यको औषधि उपचारका लागि प्रचलित कानुनबमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषसँग आबद्ध गरी योगदानमा आधारित स्वास्थ्य बिमा योजना लागू गर्ने व्यवस्था छ ।

प्रतिनिधिसभाले सामाजिक सुरक्षा कोषसँगै नागरिक लगानी कोषमा पनि आबद्ध हुने व्यवस्था गरेको थियो । राष्ट्रिय सभाले भने स्वास्थ्य बिमा बोर्डसँग आबद्ध हुनुपर्ने प्रावधान राखेको हो । मुख्यसचिवले प्रधानमन्त्रीसँग र सर्वोच्च अदालतका मुख्य रजिस्ट्रारले प्रधानन्यायाधीशसँग कार्यसम्पादन सम्झौता गर्नकेकपर्ने प्रावधान राष्ट्रिय सभाले राखेको छ । यस्तै, कर्मचारीको उमेर हदका कारण हुने अवकाशको विधि प्रतिनिधिसभाले पारित गरेअनुसार नै हुनेछ । चालु आर्थिक वर्षसम्म ५८ वर्ष, त्यसपछि ५९ वर्ष र त्यसको १ वर्षपछि सबै कर्मचारीको उमेर हद ६० वर्ष कायम हुनेछ ।

कार्यालय समयबाहेकमा कर्मचारीले लोक सेवा तयारी कक्षा पढाउन पाउने व्यवस्था राखिएको भनी राष्ट्रिय सभाको विधायन व्यवस्थापन समिति सभापतिले गरेको घोषणा प्रतिवेदनमा नसमेटिएको भनी बैठकमा प्रश्न उठेको थियो । विधेयकको दफा ८२ (३) मा लोक सेवा आयोग वा सार्वजनिक निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको तयारीका लागि सञ्चालन गरिने प्रशिक्षण कार्यक्रममा कुनै पनि निजामती कर्मचारीले प्रशिक्षण दिन पाउने छैन भन्ने व्यवस्था छ । यो व्यवस्था संशोधन गर्नकेकपर्ने सांसदहरुले धारणा राखेका थिए ।

सांसद मायाप्रसाद शर्माले कार्यालय समयबाहेकमा काम गर्न पाउने सहमति भएकामा संसद् पुग्दासम्म उल्टिएको बताए । 'कार्यालयको अतिरिक्त समयमा काम गरेर खान पाउने अधिकार कुण्ठित गर्नकेकहुन्न,' उनले भने । सांसद रामेश्याम पासवानले प्रतिनिधिसभामा चलखेल भएको विधेयक राष्ट्रिय सभामा आउँदा पनि त्यही कायम रहेको हो कि भन्ने आशंका गरे । 'कार्यालय समय बाहिर पढाउन पाउने व्यवस्थामा विधायन समितिमा सहमति भएको थियो,' पासवानले भने, 'तर, यहाँ आउँदा प्रतिवेदनबाट हटाइएको छ । यो किन हटाइयो ? यो त 'कुलिङ अफ पिरियड' जस्तै यहाँ पनि गरियो ।'

बैठकमा विधायन व्यवस्थापन समिति सभापति तुलसा दाहालले कार्यालय समय बाहिर पढाउन पाउने गरी व्यवस्था राखेर जान सकिने बताएकी थिइन् । तर, यो कुरा प्रतिवेदनमा समेटिएको छैन । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अधिकारी भने निजामती कर्मचारीलाई पढाउन पाउने व्यवस्था राख्न नहुने अडानमा थिए ।

सरकारको प्रस्तावलाई सत्तारुढ एमाले, कांग्रेस र एकीकृत समाजवादीका केही सांसदले साथ दिएका थिए । प्रमुख प्रतिपक्षी माओवादी, एकीकृत समाजवादीका केही र जसपा नेपालका सांसदले कार्यालय समय बाहिर पढाउन पाउने व्यवस्था राख्नुपर्ने धारणा राखेका थिए ।

बैठकमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले प्रशासनिक संघीयता सुदृढ बनाउन विधेयक आवश्यक भएको बताइन् । 'संघीयताको मर्मअनुसार कर्मचारी व्यवस्थापन गर्नकेकपर्ने र सुशासनमुखी कर्मचारी संयन्त्रको विकास गर्नकेकपर्ने आवश्यकता थियो, त्यसैले यो विधेयक अपरिहार्य थियो,' उनले भनिन् । राष्ट्रिय सभाबाट पारित विधेयक सन्देशसहित प्रतिनिधिसभामा फिर्ता पठाइएको छ । यो विधेयक अब प्रतिनिधिसभाले संशोधनसहित स्वीकृत गरेर सभामुख देवराज घिमिरेले प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पठाउनुपर्नेछ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐनका रुपमा कार्यान्वयनमा जानेछ । इकान्तिपुरबाट

सुनाउने को सुल्झाउने को ?

○सम्झना घिमिरे



मकवानपुर । समाजका विभिन्न समस्याहरूमाथि सरकार ले चासो नदिएको भन्दै तिव्र आलोचना गरिएको छ । विभिन्न संस्था तथा संगठनका प्रतिनिधिहरूले बागमती प्रदेशका सांसदहरूलाई यस्तो गुनासो पोखेका हुन् ।

जनपत्र मिडिया प्रा.लिको आयोजना तथा संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहकार्यमा संसदीय निगरानीका लागि बागमती प्रदेशका विभिन्न सवालहरूको पहिचान सम्बन्धी कार्यशालामा नागरिकहरूले आफ्ना क्षेत्रका समस्याहरू सुनाए भने प्रदेश सभा सांसदहरूले पनि आफ्नो पीडा र बाध्यताहरू सहभागी नागरिकहरूलाई सुनाए ।

अधिकारकर्मी, नागरिकसमाज, गैरसरकारी संस्था, सामुदायिक वन, टोल विकास संस्था, सञ्चारकर्मीहरूले आफ्ना क्षेत्रमा परेका व्यहोर्नु परेका बाध्याताको सवालमा सांसदहरू समक्ष गुनासो पोखेका हुन् ।बागमती प्रदेशसभाका उद्योग, पर्यटन, वन तथा वातावरण समितिका सभापति आनन्द कुमार श्रेष्ठले नागरिकका पहुँचका आधार मा होइन आवश्यकताका आधारमा सरकारले उनीहरूका निम्ती काम गर्नुपर्ने बताए ।

सदनमा रहुन्जेल आफूहरूले जनताका विषयलाई उठान गर्ने गरेको बताउँदै सांसदहरूले 'जनताबाटनै निर्वाचित भएर आएकाले उनीहरूकै लागि आफूहरूले काम गर्ने गरेको आवाज उठाउने गरेको दाबि गरे ।

एचआइभी संक्रमित, प्रभावितहरूका धेरै खालका समस्याहरू छन् । उनीहरूका समस्याहरूलाई आफूहरूले न्यूनीकरण गर्न लागिपरेको सांसदहरूले बताए । हाल रेबिज बिरूद्धको सुइको अभाव चुनौतिको रूपमा रहेको उनीहरूले बताए ।

जनताले अपेक्षा गरे अनुसार काम गर्न नसकेको स्वीकार गर्दै सांसद श्रेष्ठले भने 'जनताका यावत समस्याहरू छन् हामीले सदनमा उठाएका पनि छौ, तर कार्यान्वयन सरकारले गर्दैन । शुन्य समय, बिशेष समयमा बोल्ने क्रममा नागकरिकका समस्याहरू उठाउने गरिएको उनले बताए ।

कार्यक्रममा बागमती प्रदेशसभाका सदस्य भारती पाठकले एउटा विषयमा मात्र केन्द्रित नभएर समग्रमा सबै क्षेत्रका मुद्दा र समस्याहरु वास्तविक धरातलमा के कस्ता छन् भन्ने सन्दर्भलाई प्रतिनिधिमूलक ढङ्गबाट प्रस्तुत गरिएको बताइन् । कतिपय जानकारी र मुद्दाहरु पत्रकार र सञ्चार माध्यममा छिटो पुग्ने भएकाले आफूहरूले मिडियाकर्मीहरुसँग पनि छलफल गर्ने गरेको पाठकले बताइन् ।

'हाम्रो समिति, अर्थात् उद्योग, पर्यटन, वन तथा वातावरण समितिमा हामी छौं, यहाँ उठेका विषयहरु सांसदहरुका लागि साझा सरोकारका विषय हुन्, कुनै एउटा समिति छान्नुपर्ने भएकाले हामीले यो समिति छानेका हौं, तर जनसरोकारका सबै मुद्दाहरु सबैले उठाउनुपर्छ, सबै कानुन बन्ने प्रक्रियामा हामी ती विषयमा जानकार हुनुपर्छ' पाठकले भनिन्।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्ठले बागमती प्रदेश सरकारका स्थायी संरचना नबन्दा नागरिकहरूले समस्या बेहोरी रहेको बताए । आठ वर्षको अवधिमा पनि अस्थायी संरचनाबाट काम गर्ने र अस्थायी संरचना निर्माण गर्नका लागि करोडौ रूपैयाँ खर्च गर्ने परिपाटी राम्रो नभएको बताए ।

पारिवारिक निजी वन केन्द्रीय महासचिव आरती पाठकले वनमा आधारित रहेर उद्यम गर्ने नागरिकलाई प्रदेश सरकारले सहयोग गर्नुपर्ने विष्ठले बताए । कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला अध्यक्ष बालकृष्ण अधिकारीले प्रदेश सरकारले नागरिकका लागि भन्दा पनि आफ्ना स्वार्थका कानून निर्माण गरिरहेको बताए ।

गैरसरकारी संस्था महासंघ मकवानपुरका अध्यक्ष रमिला सापकोटाले गैसरकारी संस्थाहरूलाई उपेक्षा गर्नेगरी सरकारले कानून निर्माण गरेकोमा विरोध गरिन् । राष्ट्रिय अपाङ्ग महाँसंघ मकवानपुर का अध्यक्ष गणेश चन्द्र दवाडीले सरकारले आफ्ना समस्याहरू नसुनेकोले अब सांसदहरूले पनि आवाज उठाइदिनुपर्ने बताए ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाई, हिमराइज्स मकवानपुरका कार्यक्रम संयोजक कुमारी वाइवा, मकवानपुर महिला उत्थान समूह अध्यक्ष कमला सुवेदी, एकल महिला समुह मकवानपुरका अध्यक्ष शारदा चौलागाई टोल विकास संस्था नगर समन्वय समिति हेटौंडा उपमहानगर पालिकाका सचिव चन्द्रावती पनेरूलगायतकाले आफ्ना क्षेत्रका समस्याहरू बताएका थिए ।

सवारी रोकेर वन्यजन्तु शिक्षा

○ सरिता दाहाल

मकवानपुर । सुन्दा सामान्य लाग्छ, सवारी रोकेर किन वन्यजन्तुको बारेमा शिक्षा दिनु परेको होला ? तर, अन्तत्वगत्वा यसको गहकिलो अर्थ छ । जसले मानवीय र वन्यजन्तुको क्षति रोकेर सुरक्षा त बढाउँछ नै मानव र वन्यजन्तुबीचको द्वन्द्वलाई पनि न्यूनिकरण गर्छ ।

प्राचिनकाल देखिनै मानिस र प्राकृतिक स्रोत तथा जनावरबीच अन्तरसम्बन्ध रहदै आएको छ । पर्यावरणीय दृष्टिकोण त भनै मानव र वन्यजन्तु मात्रै हैन हर वनस्पतिको समेत बरोबर योगदान रहन्छ, महत्व छ ।

तर समय समयमा वन्तयजन्तुको कारण मानवीय क्षति भएको गुनासाहरूले चर्चा पाउने गर्छन । मान्छेको ज्यानभन्दा ठुलो वन्यजन्तुकको संरक्षण हैन भन्ने तर्कहरूका बीच वन्यजन्तुको महत्वको ज्ञानको पनि कमी हो । यसबारे आवश्यक जनचेतना र शिक्षाको आवश्यक छ । वन्यजन्तुको लागि हर कोहीले सहजै समय दिंदैनन्, तर त्यो सवाल प्रत्यक्ष रूपमा मानव जीवनसँग नै जोडिएको छ । यस्तो जानकारी बुझ्न निजगढ ३ का कृष्ण गोलेलाई ४६ वर्ष लाग्यो । अर्थात उनले ४६ वर्षको उमेरमा वन्यजन्तुप्रति मानवको दायित्व पुरा गर्दै गर्दा आफ्नो समेत सुरक्षा हुने बुझे ।

उनी ६ वर्षदेखि निजगढ (पर्सा)- अमलेखगंज (बारा)- हेटौंडा (मकवानपुर)- हुदै काठमाण्डौ रूटमा सुमो चलाउँदै आएका छन् । यो साता नयाँ नयाँ ज्ञानको कुरा पनि सिक्दै छन् । उनी भन्छन् "केही मिनेटमा धेरै कुरा बुझिने रहेछ । केही मन मोडिएको छ, अरू बुझ्न मन छ ।"

उनको त्यो मन मोडिने कारण थियो पर्सा राष्ट्रिय निकुञ्ज आधाभार बारा अन्तरगतको अमलेखगञ्ज रेञ्ज पोष्ट । जसले निजगढबाट काठमाण्डौको लागि छुटेको उनको सुमोलाई केही मिनेट अखलेखगञ्जमा रोक्यो । उनीसँगै उनका यात्रुलाई पनि जनचेतनामुलक जानकारी दियो । "सुरूमा हतारको समयमा अवरोध गरेकोमा दिक्क थिएँ तर, पछि कुरा सुन्दै जाँदा हाम्रै लागि रहेछ भन्ने लाग्यो" उनले भने "सुमो छुटेपछि यात्रुहरूले पनि सकारात्मक काम भएको भन्दै कुरा गरेको सुन्दै थिएँ ।"



रूपमा हेरिने गरेको कारण पनि मानवीय जिम्मेवारी र वन्यजन्तुको सुरक्षार्थ यो अभियान प्रभावकारी हुने अपेक्षा गरेको उनले बताए ।

सवारी तिव्र गतिमा हुँदा वन्यजन्तुमामात्रै दुर्घटनाको भय हुदैन, मानवीय क्षति समेत हुन्छ । यो क्षेत्रमा सवारी रोकेर यात्रु तथा सवारी चालकहरू शौचको लागि वनक्षेत्रमा प्रवेश गर्दा समेत वातावरणीय प्रभाव संगै मानवीय सुरक्षा चुनौती पनि बढेपछि यो अभियान थालिएको उनले बताए । अन्य समय निकुञ्जको वन्यजन्तुको चिन्ता र चिन्तनमा व्यस्त हुने कर्मचारीहरू अहिले हरेक दिन केही घण्टा राजमार्गमा उभिएर जनचेतनाको सन्देश बाँडिरहेका हुन्छन् ।

किन हुन्छ द्वन्द्व ?

जब वन्यजन्तुका वासस्थान, आहार, विचरणलगायतका पक्षसँग अभियान थालिएको खतिवडाले बताए । "अहिले सवारी रोकेर सम्झाइ बुझाइ गर्ने गरिरहेका छौ, अलि पछिपछि नियम अनुसार कारवाही प्रक्रियामा उत्रन पनि बाध्य हुनेछौं" खतिवडाले भने । "पहिलो चरणमा भएकोले हामीले सवारी रोकेर सन्देश दिने कार्यक्रमलाई प्राथमिकता दिएका हौ, यसको प्रभावकारीता कम भएमा हामी ऐन अनुसार कारवारही तर्फ पनि उत्रन बाध्य हुने छौ" खतिवडाले भने ।

अमलेखगञ्ज रेञ्जपोष्टबाट मात्रै दैनिक सानाठुला गरी झण्डै दुईसयवटा सवारी रोकेर चालक तथा यात्रुलाई सचेत पार्ने गरिएको रेञ्जपोष्ट प्रमुख लक्ष्मी घितालले बताइन् । हरेक दिन बिहान र बेलुकी बिशेषगरी सवारीको चाप हुने समयमा यो काम गरिहेको रेञ्जपोष्ट प्रमुख घितालले बताइन् ।



राजमार्ग असुरक्षाको कारण विभिन्न समयमा बाघ, चितुवा, मृग, हात्ति सवारी दुर्घटनमा परेको घितालले बताइन् । जसबाट मानवीय क्षेति समेत भएको थियो । "यो अभियानबाट मानवीय सुरक्षा पनि प्रत्यक्ष्य जोडिएको छ" घितालले भनिन् "राजमार्गबाट ओहोरदोहोर गर्दा वन्यजन्तुको सुरक्षा गर्नमा मात्रै हामी केन्द्रित छैनौ यो दुबै पक्षको सुरक्षा सवाल हो ।" यो क्षेत्रमा स्पीड सिमाको लागि समय सिमा पनि तोकिएको छ । जसको लागि प्रति घण्टा ४० किमी तोकिएको छ ।

वन्यजन्तु र मानवबीचको द्वन्द्व न्यूनिकरणको लागि सरकारले यस्ता राजमार्गहरूमा ओभर पास र अण्डर पासको व्यवस्थापन गर्नुपर्ने चर्चा चल्ने गरेको भए पनि आवश्यकता अनुसार एनिमल वे निर्माण भएका छैनन् । जसले गर्दा राजमार्ग वारपार गर्ने क्रममा वन्यजन्तुहरू मारिन्छन्, मानवीय क्षति समेत हुने गरेको छ । पर्सा वन्यजन्तु आरक्षका अनुसार आर्थिक वर्ष ०७३/०७४ देखि ०७९/०८० सम्म आइपुग्दा १९० वटा वन्यजन्तुहरूको सडक दुर्घटनाकै कारण मृत्यु भएको छ । जसमा सबैभन्दा बढी चित्तल ६७ वटा रहेका छन् । यसैगरी बाँदर ४४, बँदेल ४१, जरायो १२ वटा छन् । यो अवधिमा कारको ठक्करबाट एउटा बाघको पनि मृत्यु भएको निकुञ्जको रिपोर्टमा उल्लेख छ । उल्लेख्य मात्रमा हुने सवारी दुर्घटनामा घाइते जनावरलाई उपचारार्थ समेत प्रसस्तै लगानी राज्यकोषबाट खर्च हुने गरेको छ ।

गोले एउटा उदाहरण मात्रै हुन्, अहिले पर्सा राष्ट्रिय निकुञ्ज आधाभार बाराको निर्देशनमा पथैलैया र अमलेखगञ्ज रेञ्जपोष्टले यो राजमार्ग हुँदै गुड्ने हरेक सवारीलाई रोकेरै यस्तो सन्देश दिंइर हेको छ । यात्रामा सधैं हतार हुन्छ, तर थोरै समय आफू र आफ्नाहरूको लागि पनि दिनु पर्छ भनेर यो अभियान सुरू गरिएको निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत रामचन्द्र खतिवडाले बताए ।

"अमलेखगञ्ज पथलैया खण्डमा सवारी गति तिव्र हुदा वन्यजन्तुको क्षेति भएको प्रहरीको रिपोर्ट समेतलाई आधार मानेर हामीले सचेतनामुलक अभियान थालेका हौ" खतिवडाले भने । मानवीय क्षति बढी चर्चामा आउने, वन्यजन्तु क्षतिको पाटो गौण मानवीय क्रियाकलापहरु प्रतिस्पर्धा गर्न वा बाझिन आइपुग्छन् तब मानव र वन्यजन्तुबीच द्वन्द्व हुन्छ । जनसंख्या वृद्धिसँगै वन्यजन्तुहरुको प्राकृतिक आहार र वासस्थानको खण्डिकरण तथा संकुचन भई तिनीहरु खाना र बासको खोजीमा मानवका खेती तथा बस्तीमा प्रवेश गर्दा मानव तथा वन्यजन्तुबीचका द्वन्द्व बढ्दो छ ।

सामुदायिक वन मार्फत वनक्षेत्र पुनर्स्थापना हुँदै जाँदा पछिल्ला वर्षहरुमा वन्यजन्तुको पुनरागमन भएका कारण यो द्वन्द्व थप बढ्दो छ । मानव र वन्यजन्तु बीचको द्वन्द्व कम गर्न यस्ता जनचेतना मुलक कार्यले उल्लेख्य प्रगति हुने गर्छ ।

वन्यजन्तु र मानवबीचको द्वन्द्वले दिनहु जसो बढीरहे पछि यो

कारागारमा कैदी बन्दी व्यवस्थापन....

गरी जम्मा चालु मुद्दा १७८ थान रहेको छ । १७८ थान मुद्दा मध्ये सबै भन्दा धेरै सर्वोच्च अदालतमा रहेको छ । दोस्रो उच्च अदालत पाटन रहेकोमा उक्त अदालतवाट अधिकाशै मुद्दाहरूको निर्णय तथा आदेश भएको भएको बताइएको छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालयले सर्वोच्च अदालत, उच्च अदालत पाटन उच्च अदालत पाटन हेटौडा ईजलाश, प्रशासकिय अदालत काठमाण्डौ प्रदेश मित्रका जिल्ला अदालत रम प्रदेश सर कार बिरूद्व परेका मुद्दामा प्रतिरक्षा गर्नका साथै प्रदेश सरकार र अन्तर्गत निकायहरूलाई सबैधानिक एव कानूनी प्रत्रमा राय प्रदान गर्दै आएको छ ।

आफ्नो स्थापना छोटो समयमानै मुख्य न्यायाधिवक्ताको कार्यालयले आफ्नो सस्थागत विकास सवैधानिक कानूनी रूपमा सम्पादन गर्नुपर्ने कार्यहरूको प्रभावकारी सम्पादन गर्दै आफूलाई सवल सस्थाद रूपमा उभ्याउन सफल भएको काफ्लेले बताउँनु भयो ।

के छ समस्या ?

प्रदेश सरकार र मातहतका मन्त्रालय तथा अधिकारीहरूवाट कानूनी राय माग गर्दा विधि प्रकृया पुर्याई आउने नगरेको कारणले कानूनी राय प्रदान गर्न दुविधा भएको, अधिकार राय मौखिक रूपमा माग गर्ने परिपाटिले कानूनी राय अभिलेख प्रणालीमा व्यवस्थित गर्न काठिन परेको बताइएको छ ।

मुख्य न्यायाधित्क्ताको कार्यालय बागमती प्रदेशको राजधानी हेटौंडामा रहेको र यस कार्यालयले प्रतिरक्षा गर्नु पर्ने अधिकांश मुद्दाहरू झण्डै ९७ प्रतिशत काठमाण्डौं उपत्यकाका अदालतमा विचाराधीन रहेकाले, काठमाडौंमा अस्थाई कार्यालय स्थापना गर्नु आवश्यक रहेको तर सेवा ईकाइ कार्यालय संचालनका लागि थप जनशक्ति तथा वजेटको अभावमा कार्यसम्पादनमा जटिलता थपिदै गएको छ । कार्यालयको आफ्नै भवन नभएकोले उपयुक्त भौतिक कार्य वातावरणाको अभाव रहेको छ ।

मुख्य न्यायाधिवक्ता कार्यालयले मुद्दा तथा रिटमा प्रदेश सर कारको प्रतिनिधित्व गर्ने हुनाले रिट सम्बन्धी सैद्धान्तिक अवधारणासंग आवद्व गराई बहस पैरवीमा खटिने सरकारी वकिलहरूलाई तालिम प्रदान गरी प्रशिक्षित गराउन आवश्यक रहेको परिपेक्षमा तत् सम्बन्धी स्रोत साधनको प्रवन्ध हुन सकेको देखिदैन ।

यसैगरी यस कार्यालयमा कार्यरत कर्मचारीहरूले पेशागत आचरण निर्वाह गर्न तथा संस्था प्रति उत्तरदायी रहन एवं आ आफ्नो जिम्मेवारी अनुरूप कार्य सम्पादन गर्न कर्मचारीहरूको निर्माण गरी प्रभावकारी रूपमा लागू गर्नु पर्ने देखिन्छ ।

फौजदारी कसूर ९सजाय निर्धारण तथा कार्यान्वयन० ऐन, २०७४ को दफा ३८ को उपदफा ९२० बमोजिम प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डको गठनका सम्बन्धमा बारम्बार ताकेता गर्दा समेत सरोकारवाला निकायवाट यथोचित सहयोग र तत्परता प्राप्त हुन सकेको छैन ।

प्रदेश सरकारको हकहित र सरोकार निहित रहेका संवेदनशिल मुद्दाहरूको प्रतिरक्षा गर्न कठिन पर्ने भएकाले वैकल्पिक उपाय स्वरूप मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाशर्त सम्बन्धी ऐन, २०७५ को दफा ४ ९८० बमोजिम विषय विशेषज्ञता हासिल गरेका कानून व्यवसायीलाई मुद्दामा वहश पैरवीका लागि तोक्न सक्ने व्यवस्थाको व्यवहारिक कार्यान्वयनका लागि यथोचित प्रवन्ध हुन सकेको छैन ।

प्रदेश सरकार तथा मातहतका निकाय वा कार्यालयलाई विपक्षी बनाई अदालतमा दायर गरिएका मुद्दा तथा निवेदनका हकमा कतिपय निकाय वा कार्यालयबाट लिखित जवाफनै नपठाउने, न्यायिक प्रकृयावाट विमुख हुने, यथासमयमा आवश्यक कागजात नपठाउने र समन्वयका लागि उदासिन रहने प्रवृति समेत देखिएकोले प्रदेश सरकारको हक हित र सरोकार न्यायिक प्रकृया मार्फत स्थापित गराउन समस्या सृजना भएको काफ्लेले बताउनु भयो ।

प्रदेश सरकारको हकहित र सरोकार निहीत मुद्दामा कतिपय निकाय, कार्यालय वा अधिकारीबाट अदालतमा पेश गर्नु पर्ने लिखित जवाफहरू ढाँचा तथा रीत नपुर्याई म्याद नघाई वा अन्तिम समय पारेर मुद्दामा उठाईएका विषयवस्तुसँग अर्थपूर्ण सरोकार राखे र सर कारको पक्षमा प्रमाण लाग्ने कुराहरू तथा त्यससँग सम्बन्धित तथ्याङ्क प्रमुख कागजात उल्लेख नगरी गोद्वारा रूपमा लेखी पेश गर्ने पाईएकोले तत् सम्बन्धमा उचित तालिम, प्रशिक्षण, समन्वय, दण्ड तथा पुरस्कार प्रणालीको प्रयोग हुन सकेको छैन ।

समाधान कसरी गर्ने ?

नेपालको सांविधानले महान्यायाधिवक्ताको मातहत रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ । तर मुख्य न्यायाधिवक्ताको नियुक्ति, सेवा, शर्त तथा सुविधा, काम, कर्तव्य र अधिकार निर्धारण जस्ता विषयमा प्रष्ट संवैधानिक व्यवस्था रहेको हुँदा उक्त मातहत भन्ने शाब्दिक अन्यौलता समाप्त भएकै छैन ।

मुख्य न्यायाधिवक्ताको कार्यालयका कर्मचारीहरूको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयबाट हुने संवैधानिक प्रावधान रहेको भएपनि मुख्य न्यायाधिवक्ता र आफ्नो मातहतमा रहने कार्यालयका कर्मचारीहरूको व्यवस्था प्रदेश सरकारबाटै हुने व्यवस्था मिलाउन उपयुक्त हुने कार्यालयले सुझाव दिएको छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालयका कर्मचारीको दरबन्दी तथा पदपूर्तिको स्थिति हेर्दा मानव संसाधन योजनामा समुचित ध्यान पुग्न सकेको छैन । मुख्य न्यायाधिवक्तालाई सांविधान र ऐन, कानूनले दिएको जिम्मेवारी प्रभावकारी रूपले निर्वाह गर्न मानव संसाधन योजना निर्माण गरी लागू गर्न जरूरी छ र त्यसका लागि संवैधानिक तथा कानूनी जटिलताको अन्त्यको पहल गरिनु पर्दछ ।

स्थानीय सरकारमा न्यायिक समितिले न्यायिक कार्य गर्न पाउने संवैधानिक व्यवस्था अनुरूप प्रदेश सरकारको मुख्य न्यायाधिक्ता र सो मातहतका निकायले के कसरी समन्वय र सहकार्य गर्नु पर्ने तर, सो सम्बन्धमा स्पष्टता हुन आवश्यक रहेको प्रतिवेदनले औल्याएको छ ।

यसैगरी स्थानीय न्यायीक समिति वा स्थानीय सरकारका काम कारवाही समेत न्यायिक परीक्षणका विषय हुन सक्ने भएकाले त्यस्ता काम कारवाहीका सम्बन्धमा मुख्य न्यायाधिवक्ता र यस कार्यालयको भूमिका प्रष्ट पार्नु पर्ने आवश्यक रहेको पनि प्रतिवेदनले सुझावको रूपमा उल्लेख गरेको छ । कार्यक्रममा बागमती प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्री शिवराज अधिकारी, प्रदेशका कानून सचिव कृष्णकुमार कार्की, उपमुख्य न्यायाधिवक्ता यादव प्रसाद पौडेललगायतको उपस्थिति रहेको थियो ।

हावाहुरीबाट जोगिने उपाय

- घर लगायतका निर्माण संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी कसेर बाधौं ।
- गमलालाई सुरक्षित तरिकाले राखौं।
- जस्तापातालगायतका सामग्री खुल्ला रजथाभावी नछोडौं ।
- भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं ।
- सवारीसाधन चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा जाऔं ।

सार्वजनिक हितको लागि

सहीखबर
saheekhabar.com

स्वच्छ, सफा खानेपानी तथा वातावरणीय सरसरसफाइ सम्बन्धी जनहितकारी सन्देश पढौं, सोचौ तथा व्यवहारमा अवलम्बन गरी असल नागरिकको परिचय दिऔं ।

सावुन पानीले अनिवार्यरूपमा हातधुने बानी बसालौ ।

☐ चर्पीको प्रयोगपछि, ☐ खाना बनाउनु, पस्कनु, खानु र खुवाउनु अघि,
☐ कुनै फोहोरकुरा विषादी छोएपछि, ☐ बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि,
☐ खानेपानीको मुहान, स्रोत, धारा संरक्षण तथा सफा राखौं,
☐ खुल्ला स्थानमा दिसा, पिसाव नगरौं, ☐ फोहोरमैलाको उचित व्यवस्थापन गरौं,
☐ घर, आँगन, उद्यान, बाटोलगायत सार्वजनिक स्थान सफा राखौं ।
☐ स्वच्छ, सफा पिउने पानीमात्र प्रयोग गरौ ।

शुद्धिकरण गरेको पानीमात्र पिउने गरौं

☐ उमालेर, फिल्टर गरेर, क्लोरिनहालेर, सोडिस गरेर मात्र पिउने गरौं ।
☐ खानेपानीको टँकीमा ब्लीचिङ पाउडर नियमित प्रयोगगर्ने गरौं ।
☐ सुरक्षित पिउने पानी प्रयोग गरी झाडा पखाला, आँउ, रगतमासी, हैजा, जुका,म्यादेज्वरो, कमलपित्त, हेपाटाइटिस 'ए' आदि जस्ता रोगबाट बचौं ।
☐ सिंचाइ गरौं, उत्पादन बढाऔं, गरिवी घटाऔ ।
☐ बाढी, पहिरो, भूक्षय र डुवान जस्ता जल उत्पन्न प्रकोपबाट बच्न आवश्यक सावधानी अपनाऔं ।

स्वच्छ, सफा, सुन्दर वातावरण बनाऔ, असल नागरिक बनौं

४ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

९६ हजार पशुलाई लम्पि विरुद्ध खोप

○ सहीखबर संवाददाता

मकवानपुर । अघिल्लो वर्ष लम्पी स्कीनको कारण गाइ मरेपछि ऋणमा डुकेका हेटौंडा ६ का बासुदेव कार्कीले यसपाली बेलैमा लम्पि स्किन विरूद्धको खोप लगाए ।

“गाईको बीमा पनि गरे, खोप पनि लगाएँ” उनले भने अब चिन्ता छैन ।

कार्कीले आफ्ना ५ वटा गाईलाइ खोप लगाएको बताए । उनी मात्रै हैन बागमती प्रदेशमा लम्पी स्किन रोगको रोकथाम तथा नियन्त्रणका लागि गाई र भैंसीलाई गरी ९६ हजार ३ सय ४७ वटा खोप लगाईएको छ । प्रदेश सरकारले चलाएको सप्ताहव्यापी खोप अभियान अन्तरगत प्रदेशका १३ जिल्लामा उक्त परिमाणमा खोप लगाइएको हो ।

प्रदेशको ललितपुर जिल्लाबाट लम्पी स्किन रोगको प्रभाव न्यूनिकरणका लागि खोप अभियानको सुरूवात गरिएको थियो । त्यसपछि क्रमश: १३ वटै जिल्लामा अभियान सञ्चालन गरिएको बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । बागमती प्रदेशका १३ जिल्लाका १ लाख २० हजार पशुलाई लम्पी स्किन विरूद्ध खोप लगाइने लक्ष्य सहित अभियान संचालन गरिएको थियो ।

सप्ताहव्यापी खोप अभियान कार्यक्रम अन्तर्गत सिन्धुलीमा १० हजार ३ सय २८ वटा गाई तथा भैंसीलाई खोप लगाइएको छ । त्यसै गरि रामेछापमा ४ हजार ४ सय ३७, काठमाडौंमा ४ हजार ३ सय ५०, ललितपुरमा ३ हजार ६ सय ६, भक्तपुरमा १ हजार ५ सय ४३, धादिङमा ६ हजार ५१, काभ्रेपलाञ्चोकमा ७ हजार ६ सय ९८ वटा गाईभैंसीमा खोप लगाइ सकिएको छ ।

त्यसैगरी नुवाकोटमा ७ हजार ७ सय २४, रसुवामा ३ हजार ६ सय ३४, दोलखामा ९ हजार ९ सय ८३, सिन्धुपाल्चोकमा ६ हजार ३ सय ८४, चितवनमा ६ हजार १५ र मकवानपुरमा २४ हजार ६ सय ९५ गाईभैंसीमा लम्की स्किन रोग विरूद्धको खोप लगाइएको छ ।

मन्त्रालयको तथ्यांक अनुसार बागमती प्रदेशभर कुल गाईको संख्या ६ लाख ९४ हजार ३ सय १७ रहेको छ भने भैंसीको संख्या ५ लाख ४९ हजार १ सय ८३ रहेको छ । ती पशुहरुले वार्षिक रुपमा जम्मा ४ लाख ८१ हजार ७७१ मिल्क टन दूध उत्पादन गर्ने गरेका छन् ।

जिल्लागत रुपमा हेर्दा चितवनमा सबैभन्दा बढी दूध उत्पादन हुने गरेको देखिन्छ, जहाँ सात स्थानीय तहमा ९३ हजार ३ सय ५६ गाई र ७३ हजार ३ सय भैंसी छन् । सप्ताहव्यापी कार्यक्रम अन्तर्गत खोप लगाउन सुरू गरिएको खोप कार्यक्रम निरन्तर अहिले पनि जारी रहेको कृषि मन्त्री मधुसुदन पौडेलले बताए ।

आर्थिक वर्ष २००/१ मा बागमती प्रदेशमा मात्र ११ हजार ३१८ गाई तथा भैंसी लम्पी स्किन रोगका कारण मृत्यु भएको मन्त्रालयको तथ्याङ्क छ । सोही अवधिमा ३७ हजार ८९ गाईभैंसी संक्रमित भएका थिए भने कुल ३ लाख ५६ हजार ७५९ पशु प्रत्यक्ष वा परोक्ष रुपमा प्रभावित भएका थिए । यसअघि नै प्रदेशभर ३ लाख ४५ हजार ३३३ गाई तथा भैंसीलाई लम्पी स्किन रोगविरूद्धको खोप लगाइ सकिएको मन्त्रालयले जनाएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले १ भाद्र २०८३ बाट प्रदेशका १३ वटै जिल्लामा सप्ताहव्यापी खोप अभियान सञ्चालन गरको थियो । बागमती प्रदेश सरकारले लम्पी स्किन रोगको नियन्त्रण तथा रोकथामका लागि प्रदेशव्यापी खोप अभियान सञ्चालन गरी खोप लगाउँदै आएको छ ।लम्पी स्किन रोगले गाई तथा भैंसीको छालामा गाँठा वा फोका देखिने, उच्च ज्वरो आउने, दूध उत्पादनमा गिरावट आउने, शरीर सुन्निने र जनावर अशक्त देखिने जस्ता लक्षणहरु देखिन्छन् । पछिल्लो समय चितवन जिल्लामा यो रोग तीव्ररुपमा फैलिएको छ ।

‘वनलाई उत्पादन र रोजगारीसंग जोड्नुपर्छ’

○ सहीखबर संवाददाता



मकवानपुर । बागमती प्रदेशका वन तथा वातावरणमन्त्री भरतबहादुर केसीले वन क्षेत्रलाई उद्योग र उत्पादनसंग जोड्नु पर्ने बताएका छन् ।

बुधबार मकवानपुरको बागमती गाउँपालिका स्थित राङ्गाउँ र फापरबारीमा दुईवटा सब डिभिजन वन कार्यालयको भवन उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् ।

‘हिजो हरियो वन नेपालको धन थियो, हामीले हाम्रा डाँडाकाडालाई सामुदायिक वन मार्फत हरियो बनायौं’ मन्त्री केसीले भने अब यसको उपयोग गर्ने बेला भएकोले सामुदायिक वनलाई उत्पादनसँग जोड्नु पर्छ र वन मार्फत आर्थिक उपार्जन गर्नु पर्छ ।’ उनले सम्भावना रहेका सम्पूर्ण सामुदायिक वनहरूमा उद्योग कलकारखाना खोल्ने र वनसँग सम्बन्धित बस्तु उत्पादन गर्ने र नागरिकलाई आर्थिक उपार्जनसंग जोड्नु पर्ने बताए ।

समृद्ध नेपाल सुखी नेपालीको सपना साकार गर्न नागरिक समृद्ध भइ आर्थिक उपार्जन समेत हुनुपर्ने हुँदा वन क्षेत्रमा उद्योग खोल्ने र उत्पादनसँग जोडेर रोजगारी सृजना गरिनु पर्ने आवश्यकता रहेको उनले बताए ।

मन्त्री केसीले नागरिकलाई छिटो, छरितो र मुस्कानसहितको सेवा प्रदान गर्न कर्मचारीलाई आग्रह गरे । वनको सही व्यवस्थापन र प्रयोगमार्फत आर्थिक समृद्धि हासिल गर्नुपर्ने उनले बताए । वन व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तीनै तहको सरकारको सक्रिय सहभागिता अपरिहार्य हुनु पर्ने उनको मनाइ थियो ।

कार्यक्रममा बागमती प्रदेशका वन तथा वातावरण मन्त्रालयका सचिव केदार बरालले बागमती प्रदेशमा हालसम्म ३८ वटा वन कार्यालयका भवन निर्माण भइसकेको जानकारी दिए ।

अन्य प्रदेशको तुलनामा बागमती प्रदेशले वन क्षेत्रमा अग्रणी रूपमा काम गरेको उनले बताए । उनले प्रदेश सरकारले वनक्षेत्रलाई विशेष प्राथमिकता दिएर काम गरेको भन्दै सोहि अनुसार कर्मचारीले पनि काम गर्नुपर्ने बताए । पूर्वाधार निर्माणसँगै अब सेवा र सुविधा गुणस्तरीय बनाउनुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा बागमती प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामीले वन क्षेत्रको संरक्षण र उपयोगितामा विशेष ध्यान दिनु पर्ने बताए । उनले सेवा प्रवाहलाई प्रभावकारी बनाउन समेत आग्रह गरेका छन् । यस्तै बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानले सामुदायिक वनले संरक्षणसँगै आर्थिक उपार्जन गर्नुपर्ने र सामुदायिक वनमा संकलित र कमलाई पारदर्शी ढंगले उपयोग गर्नुपर्ने आवश्यकता औंल्याए ।

डिभिजन वन कार्यालय हेटौंडाका प्रमुख राकेश प्रसाद चन्द्रवंशीको अध्यक्षता तथा वन निर्देशनालय बागमती प्रदेशका निर्देशक विद्यानन्द झासहित सरोकारवालाको सहभागिता भएको कार्यक्रममा अध्यक्ष चन्द्रवंशीले सब डिभिजन वन कार्यालयले आगामी दिनमा गुणस्तरीय सेवा र सुविधा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

पौने पाँच करोडमा डिभिजन वन

डिभिजन वन कार्यालय हेटौंडाद्वारा ठेक्का व्यवस्थापन भई निर्माण भएका दुवै भवन निर्माणमा पौने पाँच करोड रूपैंया लागत लागेको छ । बागमती गाउँपालिका वडा नम्बर १ र राङ्गाउँ स्थित राङ्गाउँ सब डिभिजन वन कार्यालय निर्माणका लागि कार्यालयले २ करोड ९६ लाख ३७ हजार ३५० रूपैयामा ठेक्का आव्हन गरेकोमा सुशन निहारिका जेभिसँग २ करोड ४९ लाख ४४ हजार १८८ रूपैयामा सम्झौता भइ निर्माण भएको हो ।

यसैगरी बागमती ८ फापर बारी स्थित सब डिभिजन वन कार्यालयको २ करोड ९६ लाख ५६ हजार ९३८ रूपैयामा ठेक्का आव्हन गरेकोमा २ करोड २४ लाख २६ हजार ९११ रूपैंयामा सुशन कन्द्रक्सनसँग सम्झौता भई निर्माण भएको हो ।

साक्षर समाज-सक्षम राष्ट

शिक्षा:

- ❖ आत्मनिर्भर जीवनको लागि,,
- ❖ रोजगारी र अवसरको लागि
- ❖ सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
- ❖ लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
- ❖ अधिकार र कर्तव्य बोधका लागि,
- ❖ स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- ❖ आर्थिक सशक्तिकरणका लागि ।

त्यसैले शिक्षित बनौं, प्रगतिको पथमा लम्किऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौं ।

पानीको मुहान/स्रोत संरक्षण गरौं ।

● सहीखबर साप्ताहिक